# स्थानीय राजपत्र

## भाग-२ खण्ड २ संख्या ८

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

भगत सर्वजित सिप तथा रोजगार प्रवर्धन कार्यक्रम
सञ्चालन कार्यविधि २०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

स्थानीय राजपत्र

खण्ड २ संख्या ८, २०७५ चैत्र १७

**भाग–२**

# वागलुङ नगरपालिका

# भगत सर्वजीत विश्वकर्मा सीप तथा रोजगार प्रबर्द्धन कार्यक्रमसञ्चालन कार्यविधि-२०७५

## प्रस्तावना :

दलित मुक्ति आन्दोलनका अगुवा जातीय विभेदको अन्त्य र श्रमशोषण, छुवाछुत, तथा भेदभाव रहित स्वच्छ तथा समृद्ध समाज निर्माणका एक अभियान्ता स्व भगत सर्वजीत विश्वकर्माको स्मृतिमा वागलुङ नगरपालिकाले स्थापना गरेको “भगत सर्वजित विश्वकर्मा सीप तथा रोजगार प्रबर्द्धन कार्यक्रम” अन्तर्गगत रोजगारी तथा स्वरोजगारी श्रृजना गर्ने प्रकृतिका आधुनिक तथा परम्परागत पेशा

व्यवसाय प्रबर्द्धनको लागि आवश्यक सीप र क्षमताको विकास गरी रोजगारी तथा स्वरोजगारीमुलक सिप तथा क्षमता विकास कार्यक्रम सञ्चालन  गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोगगरी बागलुङ नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम**"भगत सर्वजीत सीप तथा रोजगार प्रबर्द्धन  कार्यक्रम सञ्चालन कार्यविधि-२०७५"**रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ र कृषि व्यवसाय प्रबर्द्धन ऐन-२०७४ समेतलाई सम्झनु पर्दछ ।

(ख) कार्यविधि भन्नाले-भगत सर्वजीत विश्वकर्मा सीप तथा रोजगार प्रबर्द्धन कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि-२०७५ लाई सम्झनु पर्दछ ।

(ग) अनुदान भन्नाले- कार्यक्रम मार्फत उपलब्ध हुने सशर्त पूँजीगत अनुदान रकमलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः- बा**गलुङ नगर क्षेत्रका अति विपन्न परिवारलाई रोजगारी तथा आयमूलक क्रियाकलापहरुको माध्यमद्वारा सामाजिक, आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिवीको रेखाबाट माथि उठाई स्वाबलम्वनतर्फ अग्रसर गराउनु यसको मूलभूत उद्देश्य रहेको छ ।

३.१ आर्थिक, सामाजिक रुपले पछाडी परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्ने ।

३.२ गरिब तथा विपन्न समुदायका व्यक्तिलाई उपलब्ध गराउने श्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाहरु निर्धारण गर्ने ।

३.३ पहिचान भएका वर्ग समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिबी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुर्याउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

३.४ स्थानीयस्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।

३.५ परम्परागत सीप तथा पेशा व्यवसायहरुको प्रबर्द्धन र विकास गर्ने ।

३.६ परिच्छेद २ दफा ४ मा उललेखित व्यवसायिक क्षेत्रमा ईच्छुक नगरवासीहरुलाई स्वरोजगारमुलक तालिम उपलव्ध गराई रोजगारी तथा स्वरोजगारीकालागि दक्ष जनशक्ति उत्पादन गरी समुदायलाई आत्म निर्भरता तर्फ उन्मुख गराउने ।

३.७ वुंदा नं. ३.६ वमोजिम तालिम लिएका र यसपुर्व नै पेशा व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरु लाई निजको व्यवसाय प्रवर्धनका लागि तत्सम्बन्धी मेशिन ओजार उपकरण अनुदान उपलव्ध गराई स्वरोजगारीको अवसर श्रृजना गर्ने ।

## परिच्छेद–२

## कार्य सञ्चालन गर्ने क्षेत्र र बजेट व्यवस्था

### ४.भगत सर्वजित विश्वकर्मा सीप तथा रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने कार्यक्रमहरु

**१**) माछा पालन तथा माछामासु विक्री केन्द ।

२) फर्निचर उद्योग व्यवसाय ।

३) मैनवत्ति उद्योग व्यवसाय ।

४) किराना पसल ।

५) सिलाई बुनाई ।

६) कुखुरा पालन ।

७) बाख्रा पालन ।

८) गाई, भैसी पालन ।

९) फलफुल तथा तरकारी बेचविखन ।

१०) च्याउ खेति ।

११) व्यवसायीकमाहुरी पालन व्यवसाय ।

१२) फलफुल तथा दुग्ध प्रशोधन केन्द्र ।

१३) काठका ठेकी वा ठेकाभाडा ।

१४) राडीपाखी ढाका वुनाई ।

१५) जडिवुटी उत्पादन, संकलन, तथा विक्रि वितरण ।

१६) अन्य व्यपारिक सामान खरिद तथा विक्री वितरण व्यवसाय ।

१७) छाला जुत्ता व्यवसायिक तालिम तथा काँचो छाला प्रशोधन आदी ।

१८) ईलेक्ट्रोनिक्स सामानहरु मर्मत सम्भार तालिम

१९) ड्राईभिङ तालिम

२१) जडिवुटी उत्पादन, संकलन तथा विक्रि वितरण

२२) राडी पाखी, तथा ढाका वुनाई लगायतका अन्य विभिन्न सिपमुलक तालिमहरु ।

२३) रैथाने पेशा व्यवसायको कार्य क्षेत्रःमानव विकासको सूचकाङ्क, न्यून तथा गरिबीको समग्र दर र गहनतामा उच्च रहेकाबागलुङ नगर क्षेत्र भित्र स्थायी बसोवास गर्ने मध्येवाट छनौट भएका अति विपन्न परिवारलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. लागत साझेदारी :(१)** दफा ४ वमोजिमकाआयआर्जन, उद्यम विकास तथा रोजगार प्रवर्धनका लागि छनौट भएका अति विपन्न परिवारको २० प्रतिशत र बागलुङ नगरपालिकाको ८० प्रतिशत (अनुदान) लागत सहभागीतामा पेशा व्यवसाय सञ्चालन गर्ने अवसर दिईनेछ ।

२) दफा ४ वमोजिमकाआयआर्जन, उद्यम विकास तथा रोजगार प्रवर्धनका लागि छनौट भएका अति विपन्न परिवारको ५० प्रतिशत र बागलुङ नगरपालिकाको ५० प्रतिशत (अनुदान) लागत सहभागीतामा पेशा व्यवसाय सञ्चालन गर्ने अवसर दिईनेछ ।

३) पेशा व्यवसाय सञ्चालन गर्दा लागत साझेदारी गर्ने कार्यक्रममाअति विपन्न परिवारकोपेशा व्यवसायलाई उच्च प्राथमिकता दिईनेछ । तर श्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने अति विपन्न परिवारको हकमा सञ्चालक समितिको निर्णयले पेशा व्यवसायसंग सम्बन्धित मेशिन औजार उपकरणहरु खरिदमानगर कार्यपालिकाको कार्यालयले लागतको ८० प्रतिशत अनुदान उपलव्ध गराउने छ ।

४) कुनै लक्षित परिवार वा द्धन्दपिडित र फरक षमता भएका परिवारमा बिशेष प्रकृतिका कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था परेमा आवश्यकता र औचित्य समेतलाई आधार मानी सञ्चालक समितिले थप वजेट सिमा निर्धारण गर्न सक्नेछ ।

**६. कार्यक्रम सञ्चालनका क्षेत्रहरु :**(१) सीप विकास गरी स्वरोजगार प्रबर्द्धन कार्यक्रमका माध्यमबाट आर्थिक, सामाजिक रुपले पछाडी परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार गर्न

देहाय बमोजिमको पेशा व्यवसाय सञ्चालनको लागि आवश्यक सीप तथा रोजगारमुलक तालिमहरु।

जस्तै, डोका, डाला, नाङ्ला, ठेका जस्ता बाँस तथा काठजन्य वस्तुहरु, आरन तथा फलामजन्य वस्तुहरु, तामा, सुन, परम्परागत बाद्यवादन उपकरणहरु, बुट्टेनली, हस्तकलाका सामानहरु, डम्फु, मादल, खैजरी, विनायो, जस्ता संस्कृतिजन्य सामानहरुको उत्पादन ।

२) दफा ६.(१) अनुसारको पेशा व्यवसायका लागि विपन्न तथा अति विपन्न समुदायका ईच्छुक नागरिहरुको सिप तथा क्षमता विकासका लागि आवश्यक पर्ने तालिमहरु, उपलव्ध गराईनेछ ।

३) दफा ६.२ अनुसारको तालिम लिएका र तत्सम्बन्धी पेशा व्यवसायमा संलग्न भई स्वरोजगारी सञ्चालन गर्न ईच्छुक अति विपन्न परिवारका सदस्यलाई मात्र निजको माग, आवश्यकता र औचित्यताको आधारमा वढिमा रु. १,००,०००।- नगद अनुदान वा उद्योग प्रवर्धनका लागि आवश्यक पर्ने सोहि वरावरका मेशिन औजार तथा अन्य उपकरणहरु, उपलव्ध गराईनेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

७. **कार्यक्रम छनौटका आधारहरु :**लागत साझेदारी विकास कार्यक्रम अन्तर्गतका पेशा व्यवसाय सञ्चालन तथा तत्सम्बन्धी तालिम तथा अनुदान उपलब्ध गराउन देहाय वमोजिम आधार लिईनेछ ।

१) संबन्धित वार्ड कार्यालयबाट गरिब घरपरिवारको आवश्यकताको पहिचान गरी यस कार्यविधिको बजेट सिमाभित्र रही प्रस्तावित कार्यक्रमहरु आवश्यक राय, सुझाब तथा सल्लाहका आधारमा सिफारिस गर्नु पर्नेछ

२) उपदफा (१) बमोजिम सिफारिस भई आएका कार्यक्रमहरुलाई सञ्चालक समितिले आवश्यकता र औचित्यका आधारमा स्विकृत वा अस्विकृत गर्न सक्नेछ । स्विकृत भएमा लक्षित परिवारको सीप मुलक तालिम कार्यक्रम सञ्चालनको लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ । त्यस्तो अनुदानको रकम सिधै वडा कार्यालय मार्फत पनि कार्यान्वयन गर्न सकिनेछ ।

३) यस कार्यक्रम अन्तर्गत लक्षित विपन्न तथा अति विपन्न घरपरिवार छनौट गर्दा निम्न तरिकामध्ये कुनैएक तरिका अवलम्बन गरी वडा कार्यालयले छनौट गर्नेछ ।

(क) संक्षिप्त घरधुरी सर्वेक्षणबाट सबै परिवारको आधारभूत तथ्याङ्क लिने ।

(ख) सहभागितामूलक सम्पत्ति स्तरीकरण (Participatory Wealth Ranking) गर्ने ।

४) अति विपन्नता र विपन्नताको वर्गिकरण देहाय वमोजिम हुनेछ ।

क) अति विपन्नता :

१) आफ्नो र परिवारको नाममा घर जग्गा नभई अरुको घर जग्गामा वा सार्वजनिक जग्गामा छाप्रो बनाई वा अरुको घरमा वसी अरुको जग्गा कमाई गर्ने वा हलि कमैया गरी जीविकोपार्जन गरी बसेको परिवार ।

२) अर्काको जग्गा ठेक, अँधिया वा सित्तैमा कमाएर गुजारा गर्ने ।

३) माथी उल्लेखित अवस्था बाहेक आफ्नो जग्गा जमीनको उव्जनीबाट खान लाउन नपुग्ने ।

ख) विपन्नता : आफ्नो जग्गा जमीनको उव्जनीबाट खान, लाउन, शिक्षा दिक्षा तथा सामान्य प्रकृतिको पनि औषधोपचार गर्न नपुग्ने ।

## ८. कार्यक्रम सञ्चालन गर्दा देहायका कार्यनीतिहरुको अवलम्वन गरिनेछ :-

१) संचालित कार्यक्रमको अनुगमन, मुल्याँकंन तथा सुपरिवेक्षण बागलुङ नगरपालिका बाट गरिनेछ ।

२) दफा ७ (३) अनुसारको प्रकृया अपनाई दफा ७ (४) अनुसार निर्धारित सूचकहरुको माध्यमबाट अति विपन्न परिवारको पहिचान गरिनेछ ।

३) विपन्न परिवारका सदस्यहरुलाई सीप अभिवृद्धिका लागि सीप विकास तालिमहरुसँग पहुँच बढाइनेछ ।

४) आय अभिवृद्धिका क्रियाकलाप तथा लघु उद्यमका लागि प्रेरित गरिनेछ ।

५) कार्यक्रम स्वीकृत गर्दा अधिकतम लाभको सुनिश्चितता भएका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६) स्किम अनुसार अनुदान रकम लगानी नगरी रकम दुरुपयोग गरेको थाहाहुन आएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ ।

७) तोकिएका मापदण्डका आधारमा विपन्न परिवारको छनौट गर्ने र अनुदान रकमको कार्यान्वयनमा पूर्ण सहयोग पुऱ्याउने दायित्व सम्बन्धित वडा समिति र कार्यालयको हुनेछ ।

## ९. कार्यक्रम संचालन गर्दा देहाय अनुसार गरिनेछ :-

१) भगत सर्वजीत विश्वकर्मा सिप तथा रोजगार प्रबर्द्धन कोष कार्यक्रमको नाममा एउटा छुट्टै कोषको स्थापना गरिनेछ । त्यसको सञ्चालन र व्यवस्थापन सञ्चालक समितिले गर्नेछ ।

२) यो कार्यक्रमको संचालनका लागि बागलुङ नगरपालिकाले संबन्धित वडा कार्यालयसँग आवश्यक समन्वय गर्नेछ ।

३) बागलुङ नगरपालिकाले सम्बन्धित शाखा वा एक जना सम्पर्क व्यक्ति (Focal Person) मार्फत कार्यक्रम कार्यान्वयन, समन्वय,र स्रोत परिचालनलाई सुनिश्चितता प्रदान गर्नेछ ।

**१०. अनुगमन समिति :** (१) नगर कार्यपालिकाले तोके बमोजिम नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट २ र नगर कार्यपालिकाको कार्यालयका सम्बन्धित अधिकृतहरु मध्ये बाट १ गरी ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

२) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गरी सञ्चालक समिति समक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद-४

## आर्थिक व्यवस्थापन

### ११. वित्तिय स्रोत परिचालन तथा खर्च व्यवस्थापन :

क) कार्यक्रम सञ्चालन गर्न बागलुङ नगरपालिका आफैले वा सम्बन्धित वडा कार्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

ख) संबन्धित वडा कार्यालयले यस कार्यविधि र अन्य प्रचलित कानुन बमोजिम लेखा राखी अन्तरिक तथा अन्तिम लेखा परिक्षण गरी गराई बागलुङ नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विविध

### १२. भगत सर्वजीत विश्वकर्मा सीप तथा रोजगार प्रबर्द्धन कार्यक्रम सञ्चालक समिति :

**१)** बागलुङ नगरपालिकामा भगत सर्वजीत विश्वकर्मा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहायमा लेखिए बमोजिमको सञ्चालक समिति रहनेछ :-

१) अध्यक्ष : नगर प्रमुख-१

२) सदस्य : नगर उप-प्रमुख-१

३) सदस्य : प्रमुख प्रशासकीय अधिकृत-१

४) सदस्य : आर्थिक विकास समिति-संयोजक-१

५) सदस्य : नगर कार्यपालिका बाट एक जना दलितसहितसदस्य-३

६) सदस्य : भगत सर्वजीत प्रतिष्ठान बाट एक जना-१

७) सदस्य-सचिव : महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख-१

नोट : खण्ड-ङ को सदस्यहरुको मनोनयन नगर कार्यपालिका बाट गरिनेछ ।

२ **कोष सञ्चालक समितिको बैठक :**सामान्यतया कोष सञ्चालक समितिको बैठक दुई महिनामा एक पटक बस्नेछ र कुनै विशेष कारणपरि बैठक बस्नु पर्ने भएमा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

## १३. सञ्चालक समितिको काम कर्त्तव्य र अधिकार :-

(१) कार्यक्रमको समन्वय र अनुदान रकमको अनुगमन निरिक्षण गर्ने ।

(२) कार्यक्षेत्रको प्रगति प्रतिवेदन पेश गर्न लगाउने ।

(३) तोकिएको मापदण्डका आधारमा अति विपन्न परिवारहरुको छनौट गर्न सहयोग गर्ने ।

(४) स्किम हेरी अनुदान स्वीकृत वा अस्विकृत गर्ने र अनुदान रकम स्विकृत भएमा संबन्धित बैंकको चेक उपलब्ध गराउने वा वडा कार्यालय मार्फत खर्च गर्ने व्यवस्था मिलाउने ।

(५) अनुदान रकमका सम्बन्धमा आवश्यक अन्य निर्णय गर्ने ।

(६) अनुगमन बाट आएका सुझ्ाबहरुको कार्यान्वयन गर्ने ।

(७) कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।

(८) बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने ।

(९) लक्षित परिवारसँग प्रत्यक्ष सम्बन्ध राखी तिनीहरुबाट संचालित सामाजिक, आर्थिक, उत्पादनमुलक र रोजगारीमूलक क्रियाकलापहरु अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

(१०) कार्यक्रमसँग संबन्धित अन्य भैपरि आएका कामहरु गर्ने ।

**१४. बाधा अड्काउ फुकाउने :**

यस कार्यविधिमा उल्लेखित कुनै बुँदाका सम्वन्धमा कुनै अस्पष्टता आएमा सञ्चालक समितिले सो सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. बचाउ :**

यस अघि भए गरेको काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । समय सान्दर्भिकता अनुसार यस कार्यविधिमा आवश्यक संशोधन गरिनेछ ।

**१६. विविध :**

यस कार्यविधिमा लेखिए जतिका कुरामा यसै कार्यविधि बमोजिम हुनेछ र अन्य काम कुराको हकमा वागलुङ नगरपालिका नगर सभा तथा नगर कार्यपालीकाबाट जारी गरिएका ऐन नियमहरु र प्रचलित ऐन नियम अनुसार नै हुनेछ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

प्रमाणिकरण मिति : २०७५।१२।१७ गते आईतवार

आज्ञाले
भीम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत